**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,**
**सानोठिमी, भक्तपुरको**

# ध्यानाकर्षण सम्बन्धमा ।

**प्रकाशित मिति २०८२/१२/१८**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सम्बन्धन/स्वीकृत नलिई विभिन्न संस्थाहरूले आफूखुशी छोटो अवधिका सीपमूलक तालिम सञ्चालन गर्दै आएको जनगुनासो प्रति परिषद् कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ।प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी कार्यक्रम सञ्चालनका लागि सम्बन्धन/स्वीकृति दिने निकाय प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् भएकोले यस्ता कार्यक्रम सञ्चालन गर्नु पूर्व परिषद्बाट स्वीकृति लिएर मात्र कार्यक्रम सञ्चालन गर्नु गराउनु हुन सम्बन्धित सवैलाई यसै सूचना मार्फत जानकारी गराईन्छ।साथै तालिम लिन ईच्छुक व्यक्ति तथा अभिभावकहरूले समेत तालिममा सहभागी हुनु पूर्व उक्त संस्था, परिषद्बाट सम्बन्धन/स्वीकृत प्राप्त छ छैन एकिन गरेर मात्र तालिममा सहभागि हुन समेत यसै सूचनाबाट अनुरोध गरिन्छ । तालिम सञ्चालन गर्ने संस्थाहरूले आफूखुशी तालिम सञ्चालन गरेको पाइएमा त्यस्ता संस्था उपर प्रचलित कानून अनुसार कारवाही हुने र त्यस्ता संस्थाहरुले संचालन गर्ने तालिममा सहभागि भएमा परिषद् कार्यालय जवाफदेही नहुने व्यहोरा परिषद् कार्यालयको मिति २०८२।१२।१७ को निर्णय अनुसार सम्बन्धित सरोकारवाला सवैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**थप जानकारीका लागि**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
स्तर निर्धारण तथा सम्बन्धन महाशाखा, सानोठिमी, भक्तपुर
फोन नं. ०१ - ६६३०४०८, इमेलःctevtaccreditation061@gmail.com